
# टाइगर ताल तथा आसपासका क्षेत्रहरुमा जैविक विविधता (मत्स्य) संरक्षण तथा सम्बर्द्धन परियोजना

**(Promoting Local Fish Diversity in Selected Lakes of Chitwan through Ecosystem-based Co-management Practices)**

(Project Number NEP/SGP/OP6/Y3/STAR/BD/2018/05)

## टाइगर ताल, राईनो ताल, खगेरी खोला र रामपुर घोलमा माछाको अध्ययनको क्रममा प्राप्त भएका ३४ मत्स्य प्रजातीहरुको









# चित्रसंगालो

**(Sample Images of Various Fish Species Collected During the Study Period from Tiger Lake, Rhino Lake, Khageri Khola and Rampur Ghole)**


चित्र तयार गर्ने: डा. बिशाल जोशी



UNDP Empowered lives. Resilient nations.

gef

SGP The GEF Small Grants Programme

एमडिआई नेपाल
MDI Nepal
www.mdinepal.org



# डा. बिशाल जोशी

डा. बिशाल जोशी पेशाले डेन्टल सर्जन हुनुहुन्छ । उहाँले सन् २००९ मा युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवाबाट डेन्टल सर्जनको रुपमा बिडिएस गर्नु भयो । त्यसपछि केही समय धनगढीमा डेन्टल क्लिनिकमा डेन्टल सर्जनको रुपमा काम गर्नु भयो । सन् २०१५ मा कलेज अफ मेडिकल साइन्सेज, भरतपुर, चितवनबाट क्लिनिकल फिजियोलोजीमा एम. डि. गर्नु भयो । तत्पश्चात् उहाँ युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवामा एसोसियट प्रोफेसरको रुपमा प्राध्यापन कार्यमा संलग्न हुनुहुन्छ ।

अध्यापन कार्यको अलावा फुर्सदको समयमा उहाँ चित्रहरु बनाउने कार्यमा बिशेष चाख राख्नु हुन्छ । खासगरि उहाँ अलि बढी शान्ती एवम् प्रकृति प्रेमि हुनाले जीवन, जगत तथा प्रकृति सम्बन्धि चित्रहरु कोर्न बढी रुचाउनु हुन्छ । उहाँले यस्तै फुर्सदमा हाम्रो संस्थाको लागि अध्ययनबाट प्राप्त यी मत्स्य चित्रहरु तयार गरिदिनु भएको हो । उहाँ सामाजिक क्षेत्रमा पनि त्यत्तिकै सक्रिय हुनुहुन्छ । उहाँ इन्टरनेशनल टोष्ट माष्टर क्लब, भैरहवा च्याप्टरको पनि सक्रिय सदस्य एवम् संचालक हुनुहुन्छ । नियमित योगा तथा मेडिटेशन गर्नु, साइलेन्समा रहनु, साथीभाईहरुसंग भेटघाटमा रहनु, घुमफिर गर्नु आदी उहाँको प्रमुख शोखहरु (Hobbies) हुन् । एमडिआइ नेपाल उहाँको यो योगदान प्रति हार्दिक आभार प्रकट गर्दछ ।


# बिषयसुची


| क्र.सं | बैज्ञानिक नाम | नेपाली नाम | पेज नं. |
|---|---|---|---|
| १. | *Badis badis* | सुंगुरे सिद्रा | १ |
| २. | *Channa punctatus* | भोटी | २ |
| ३. | *Trichogaster lalius* | रंगिन सिद्रा | ३ |
| ४. | *Xenentodon cancila* | कौवा माछा | ४ |
| ५. | *Oreochromis niloticus* | नाइल टिलेपिया | ५ |
| ६. | *Lepidocephalichthys guntea* | गोइरा | ६ |
| ७. | *Amblypharyngodon mola* | मारा | ७ |
| ८. | *Danio devario* | भित्ती | ८ |
| ९. | *Pethia conchonius* | सिद्रे पोठी | ९ |
| १०. | *Puntius sophore* | सिद्रे पोठी | १० |
| ११. | *Puntius terio* | सिद्रे पोठी | ११ |
| १२. | *Puntius ticto* | तिते पोठी | १२ |
| १३. | *Rasbora daniconius* | डेढोरा | १३ |
| १४. | *Esomus danricus* | डेढुवा | १४ |
| १५. | *Barilius bendelisis* | फगेटा | १५ |
| १६. | *Brachydanio rerio* | जेब्रा माछा | १६ |
| १७. | *Garra nasuta* | बुदुना | १७ |

| क्र.सं | बैज्ञानिक नाम | नेपाली नाम | पेज नं. |
|---|---|---|---|
| १८. | *Naziritor chelynoides* | रतार | १८ |
| १९. | *Barilius barila* | चिप्ले फगेटा | १९ |
| २०. | *Pethia guganio* | तिल्के पोठी | २० |
| २१. | *Systomus sarana* | ठुलो पोठी | २१ |
| २२. | *Salmostoma phulo* | चेल्हवा | २२ |
| २३. | *Cirrhinus mrigala* | नैनी | २३ |
| २४. | *Paracanthocobitis botia* | बाघे | २४ |
| २५. | *Glossogobius giuris* | बुल्ला | २५ |
| २६. | *Chanda nama* | शीसा माछा | २६ |
| २७. | *Mystus tengara* | टेंग्रा | २७ |
| २८. | *Clarias magur* | मांगुर | २८ |
| २९. | *Heteropneustes fossilis* | सिंघी | २९ |
| ३०. | *Ompok pabda* | पप्ता | ३० |
| ३१. | *Wallago attu* | बुआरी | ३१ |
| ३२. | *Macrognathus aral* | गैंची | ३२ |
| ३३. | *Macrognathus pancalus* | काठ गैंची | ३३ |
| ३४. | *Monopterus cuchia* | अन्धो बाम | ३४ |

# सुंगुरे सिद्रा

## *(Badis badis)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct | Threatened | Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**


### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Anabantiformes |
| फेमिली (Family) | : Badidae |
| जेनस (Genus) | : *Badis* |
| प्रजाति (Species) | : *B. badis* |
| स्थानीय नाम (Local name) | : सुंगुरे सिद्रा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल तथा रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १५ जेठ, २०७६ (29 May 2019) |

यो माछालाई ठाउँ विशेष अनुसार पसरी, खिल्सी वा सुँगुरे सिद्रा भनेर चिनिन्छ । यी साना खालका माछाहरू हुन् । यी माछाहरू पानीको बहाव कम हुने ताजा पानीको क्षेत्र जस्तै तलाउ, घोल, नहर कुलो, छिपछिपे पानी र हल्का झारपातहरू हुने ठाउँहरूमा पाइन्छ । यो माछाले अवस्था अनुसार तत्काल रङ् फेर्न सक्छ । यसलाई आलङ्कारिक माछाको रूपमा एक्वारियमको लागि उपयोग गरिन्छ ।

# भोटी

## *(Channa punctata)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — Threatened — Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**


### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Anabantiformes |
| फेमिली (Family) | : | Channidae |
| जेनस (Genus) | : | *Channa* |
| प्रजाति (Species) | : | *C. punctata* |
| स्थानीय नाम (Local name) | : | भोटी/हिले |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल, रामपुर घोल र राइनो ताल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ४ असोज, २०७६ (21 Sept. 2019) |

यसलाई स्थानिय भाषामा हिले, गराई अथवा भोटी माछा भनिन्छ । यो पनि घोल, खोल्सा खोल्सी, तलाउ, खेत तथा पोखरीहरूमा पाइन्छ । यो अलि हिलो बढी भएको ठाउँहरूमा पाइने भएकाले पनि यसलाई हिले माछा भनिएको हो । यी माछाहरू खेतमा वा वर्षायाममा जम्मा भएको पानीका अस्थायी तलाउहरूमा पाइन्छ । यो माछालाई स्थानीय क्षेत्रमा महत्वपूर्ण खाने माछाको रूपमा लिइन्छ र यसलाई स्थानीयहरूले बढी रूचिका साथ खाने गर्दछन् ।

# रङ्गीन सिद्रा

## *(Trichogaster lalius)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct | Threatened | Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| **क्लास** (Class) | : Teleostomi |
| **अर्डर** (Order) | : Anabantiformes |
| **फेमिली** (Family) | : Osphronemidae |
| **जेनस** (Genus) | : *Trichogaster* |
| **प्रजाति** (Species) | : *T. lalius* |
| **स्थानीय नाम** (Local name) | : **रङ्गीन सिद्रा** |
| **संकलन गरिएको स्थान** (Locality) | : **टाइगर ताल, रामपुर घोल र राइनो ताल** |
| **संकलन गर्ने** (Collected by) | : **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : **४ असोज, २०७६** (21 Sept.2019) |


यो रङ्गीन खालको हुने भएकोले यसलाई रङ्गीन सिद्रा भन्ने गरिएको हो । यो सुन्दर खालको माछा हो । यसमा भाले अलि रङ्गीन, चेरी कलरको हुन्छ जबकि पोथी सोभ्रो र लाटो खालको हुन्छ । यसको रङ्ग पनि राम्रो र साइज पनि ५ से.मि. भन्दा कम हुनाले यो माछालाई एक्वारियमको लागि उपयोग गरिन्छ । यसको प्रजनन् समय वर्षायाम हो । यसले तलाउको हल्का पानी भएको ठाउँ जहाँ अलि भ्राडीहरू हुन्छन्, त्यहाँ फूल पार्दछ । यस हिसाबले टाइगर ताल तथा राइनो तालको छेउछाउको एरिया यसको प्रजनन्को लागि उपयुक्त स्थल हुन सक्छ । ती क्षेत्रहरूमा यी माछाहरूको प्रजनन् गराई बच्चाहरू सङ्कलन गरी एक्वारियमको ब्यवसायीहरूलाई बच्चा बिक्री वितरण गर्न सकिने सम्भावना देखिएको छ ।

# कौवा माछा

## *(Xenentodon cancila)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Beloniformes |
| फेमिली (Family) | : Belonidae |
| जेनस (Genus) | : *Xenentodon* |
| प्रजाति (Species) | : *X. cancila* |
| स्थानीय नाम (Local name) | : कौवा माछा/चुच्चे बाम |
| संकलन गरिएको स्थान (Locality) | : खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १८ भाद्र २०७६ (3 Aug. 2019) |

यसलाई कौवा वा चुच्चे बाम माछा पनि भनिन्छ । यो ताजा पानीको क्षेत्र नदीनाला, ठूला खोल्साहरू र तलाउमा पाइन्छ । तर यसले अलिकति पानीको बहाव बढी भएको ठाउँ मन पराउँछ । यसको शरीर लाम्चो र मुख चुच्चो खालको हुन्छ । यसको तल्लो तथा माथिल्लो भागको दुबै बङगारामा तिखा दाँतहरू हुन्छन् । यसैको सहायताले यसले आफ्नो सिकार गर्दछ । यो पनि एक्वारियमको लागि प्रयोग गरिने माछा हो तर यसको सिकारी खालको बानीले यसलाई त्यति धेरै रूचाईदैन । यो मांसाहारी खालको माछा हो ।

# नाइल टिलेपिया

## *(Oreochromis niloticus)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — Threatened — Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| **क्लास** (Class) | : | Teleostomi |
| **अर्डर** (Order) | : | Chichliformes |
| **फेमिली** (Family) | : | Chichlidae |
| **जेनस** (Genus) | : | *Oreochromis* |
| **प्रजाति** (Species) | : | *O. niloticus* |
| **स्थानीय नाम** (Local name) | : | **नाइल टिलेपिया** |
| **संकलन गरिएको स्थान** (Locality) | : | **टाइगर ताल र रामपुर घोल** |
| **संकलन गर्ने** (Collected by) | : | **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : | **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : | **७ आषाढ २०७६** (22 June 2019) |


सामान्यतया, यो माछालाई नाइल टिलेपिया भन्ने गरिन्छ । यो व्यावसायिक रूपमा पोखरीमा पालिने माछा हो । यो तुलनात्मक रूपमा अन्य माछाभन्दा पानीको गुणस्तर कम भएको अवस्थामा पनि राम्रोसँग बढ्न, हुर्कन सक्छ । यो विदेशबाट आयात गरिएको माछा हो । अलि गर्मी हावापानी भएको ठाउँमा यसले ५ महिनादेखि नै बच्चा निकाल्न थाल्छ । यसले आफ्नो मुखमा राखेर बच्चा हुर्काउँछ । यसरी कम उमेरदेखि नै बच्चा धेरै निकाल्ने हुनाले निकै कम समयमा नै यसले पोखरीमा आफ्नो प्रभुत्व जमाउँदछ र अरू माछाहरूसँग दाना तथा स्थानको लागि प्रतिस्पर्धा गर्दछ । जैविक विविधता संरक्षणको हिसाबले यो माछालाई नदी, खोला तथा तलाउहरूमा छोड्न उपयुक्त मानिदैन । तर यो माछा टाइगर तालमा पाइएको छ । किनकि, यो अध्ययनको क्रममा एकजना स्थानीयले आफूले अन्यत्रबाट ल्याएर ३ वटा टिलेपिया टाइगर तालमा छोडेको दाबी गरेका थिए ।

# गोइरा

## *(Lepidocephalichthys guntea)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cobitidae |
| जेनस (Genus) | : *Lepidocephalichthys* |
| प्रजाति (Species) | : *L. guntea* |
| स्थानीय नाम (Local name) | : **गोइरा** |
| संकलन गरिएको स्थान (Locality) | : **टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल** |
| संकलन गर्ने (Collected by) | : **एमडिआई नेपाल** |
| पहिचान गर्ने (Identified by) | : **राहुल रन्जन** |
| संकलन मिति (Date) | : **१८ भाद्र, २०७६** (3 Aug. 2019) |


यसलाई गोइरा अथवा कुनै ठाउँमा लाटो माछा भनेर पनि चिनिन्छ । यो माछा पनि प्रायः खानको लागि उपयोग गरिन्छ । यो माछा पोखरीहरूको पिंधतिर बस्ने गर्दछ । यसले अलि हिलो तथा बलौटे माटो भएको ठाउँहरूमा बस्न रूचाउँछ । किनकि, यसलाई अलिकति पनि शत्रुको डर भयो भने हिलो अथवा बालुवामुनि घुस्रदै गई तत्काल लुक्न सक्छ । यो माछा खासगरी घोल क्षेत्रहरूमा पाइने गर्दछ । यसले अक्सिजन कम भएको बेलामा आफ्नो पेटको आन्द्रामा भएको छुट्टै श्वास प्रश्वास प्रणालीबाट सास फेर्ने काम गर्दछ ।

# मारा

## *(Amblypharyngodon mola)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| **क्लास** (Class) | : Teleostomi |
| **अर्डर** (Order) | : Cypriniformes |
| **फेमिली** (Family) | : Cyprinidae |
| **जेनस** (Genus) | : *Amblypharyngodon* |
| **प्रजाति** (Species) | : *A. mola* |
| **स्थानीय नाम** (Local name) | : **मारा** |
| **संकलन गरिएको स्थान** (Locality) | : **राइनो ताल** |
| **संकलन गर्ने** (Collected by) | : **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : **२८ आषाढ, २०७६** (13 July 2019) |


स्थानीय रूपमा यो माछालाई मारा, मोला वा धवै भनेर चिनिन्छ । यो झट्ट हेर्दा चाँदी जस्तो सिल्भर रङ्गको हुन्छ । यो माछामा प्रशस्त मात्रामा भिटामिन ए पाइन्छ । बङ्गलादेशमा यो माछालाई व्यावसायिकरूपमा कार्प माछाहरूसँग पालेर महिला तथा बच्चाहरूको पोषण सुधार कार्यमा भरपुर उपयोग गरिएको छ । नेपालमा पनि भर्खरै मात्र कृषि तथा वन विश्वविद्यालय, रामपुरले यो माछालाई कार्प माछाहरूसँग पालेर सफल परीक्षण गरिसकेको छ । हालसम्म यो माछा चितवनमा पाइन्छ भनेर रिपोर्टिङ्ग भएको थिएन । तर अहिलेको अध्ययनले यो माछा भरतपुर १२ स्थित राइनो तालमा प्रशस्त मात्रामा भेटिएको छ । यो माछालाई कार्प पोलिकल्चर प्रविधि अन्तर्गत अन्य बिकासे माछा (जस्तै रोहु, नैनी, कार्प आदि) सँग सँगै पाल्न सकिन्छ र यसले उत्पादनमा कुनै प्रतिकूल असर गर्दैन भन्ने रामपुर क्याम्पसको अध्ययनले देखाएको छ । यस माछामा पाइने पोषक तत्वहरूबारे बिस्तृत रूपमा पुस्तकको अनुसूची १ मा उल्लेख गरिएको छ ।

# भित्ती

## *(Danio devario)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Danio* |
| प्रजाति (Species) | : *D. devario* |
| स्थानीय नाम (Local name) | : भित्ती/चेप्टो सिद्रा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १८ भाद्र, २०७६ (3 Aug. 2019) |


स्थानीय रूपमा यसलाई भित्ती वा चित्रीपोथी भनेर चिनिन्छ । यो सानो आकारको हुन्छ र ताजा पानीको क्षेत्र जस्तै पोखरी, तलाउहरू, स-साना खोलाहरू तथा ठूला नदीहरूमा पनि पाइन्छ । यसलाई खाने माछाको रूपमा गणना गरिन्छ । यो पनि रङ्गीन हुन्छ । शरीरको दायाँबायाँ भागमा निलो तथा हरियो खालको धर्साहरूहुने भएकाले यसलाई आलङ्कारिक माछाको रूपमा पनि लिइन्छ ।

# सिद्रे पोठी

## *(Pethia conchonius)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Pethia* |
| प्रजाति (Species) | : *P. conchonius* |
| स्थानीय नाम (Local name) | : सिद्रे पोठी |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ११ जेठ, २०७६ (25 May 2019) |

यसलाई पोठी माछा पनि भनिन्छ । स्थानीयहरूले यो माछालाई सिद्रा माछाको रूपमा लिन्छन् । यो माछा खास गरि हल्का पानी भएको तलाउहरू र घोलहरूमा पाइन्छ । यो माछालाई स्थानीयहरूले अत्यधिकरूपमा मार्ने गर्दछन् ।

# सिद्रे पोठी

## *(Puntius sophore)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — EX
Threatened — EW, CR, EN, VU
Least Concern — NT, **LC**

**Least Concern (LC)**


### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Cypriniformes |
| फेमिली (Family) | : | Cyprinidae |
| जेनस (Genus) | : | *Puntius* |
| प्रजाति (Species) | : | *P. sophore* |
| स्थानीय नाम (Local name) | : | सिद्रे पोठी |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ११ जेठ, २०७६ (25 May 2019) |


यो पनि सिद्रे माछाकै अर्को प्रजाति हो । यसलाई पनि खाने सिद्रा माछाको रूपमा उपयोग गरिन्छ । यो माछा प्रायः सबै प्रकारको ताजा पानीको क्षेत्र जस्तै पोखरी, तलाउ, खोला नाला, तथा पानीको बहाव कम भएको नदीहरूमा पाइन्छ । यो पोषणको हिसाबले महत्वपूर्ण माछा हो । यसमा क्याल्सियम अत्यधिक मात्रामा पाइन्छ । त्यसैले यसलाई पनि मारासँगै कार्प माछाहरूसँग पाल्ने गरिन्छ ।

# सिद्रे पोठी

## *(Puntius terio)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Puntius* |
| प्रजाति (Species) | : *P. terio* |
| स्थानीय नाम (Local name) | : सिद्रे पोठी |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २५ श्रावण, २०७६ (10 Aug. 2019) |


यो पनि सिद्रे माछाको अर्को प्रजाति हो । अरू सिद्राहरू जस्तै यो माछा पनि तलाउ, पोखरीहरूमा प्रशस्त मात्रामा पाइन्छ । यो मछुवारहरूको जालमा पर्ने एक प्रमुख प्रजाति हो । यो माछा पनि पोसिलो हुन्छ ।

# तीते पोठी

## *(Puntius ticto)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Cypriniformes |
| फेमिली (Family) | : | Cyprinidae |
| जेनस (Genus) | : | *Puntius* |
| प्रजाति (Species) | : | *P. ticto* |
| स्थानीय नाम (Local name) | : | तीते पोठी |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ३२ श्रावण, २०७६ (17 Aug. 2019) |


यो पनि सिद्रा प्रजातिकै माछा हो । यो खाँदा अलि तीतो हुने भएकोले यसलाई तीते पोठी भनिएको हो । यो अरू सिद्रा भन्दा सानो हुन्छ र करिब २५ मीलीमिटर सम्म लामो हुन्छ । यो पनि पोषणको हिसाबले महत्वपूर्ण छ । यिनीहरू ताल तलैयाहरूको छेउछाउ, पानीको लेभल कम भएको ठाउँ, नदीनाला तथा खोल्साखोल्सीहरूको अलि बढी हिलो माटो भएको ठाउँतिर बढी पाइने गर्दछ ।

# डेढोरा

## (Rasbora daniconius)



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Rasbora* |
| प्रजाति (Species) | : *R. daniconius* |
| स्थानीय नाम (Local name) | : डेढोरा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ११ असोज, २०७६ (28 Sept. 2019) |

यसलाई डेढोरा भनेर चिनिन्छ । यो माछाको टाउकोदेखि पुच्छरको भागसम्म कालो धर्को हुन्छ । यो तलाउ, पोखरी, धान खेत, साना साना खोलाहरू, नहर, कुलो आदि ठाउँहरूमा पाइन्छ । यसको शरीरमा भएको कालो ब्यान्ड, चम्किलो कलर, शान्त स्वभाव र विभिन्न विपरीत परिस्थितिहरू सहन सक्ने र एक्वारियममा कृत्रिम दानाहरू पनि खाने हुनाले यसलाई एक्वारियमको लागि उपयुक्त प्रजातिको रूपमा लिइने गरिन्छ ।

# डेढुवा

## *(Esomus danricus)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct | Threatened | Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**


### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Esomus* |
| प्रजाति (Species) | : *E. danricus* |
| स्थानीय नाम (Local name) | : डेढुवा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल तथा रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ११ असोज, २०७६ (28 Sept. 2019) |


यो झट्ट हेर्दा डेढोरा (Rasbora danricus) जस्तै देखिन्छ । यो पनि पोषणको हिसाबले अत्यन्त महत्वपूर्ण माछामा गणना हुन्छ । यसमा अत्यधिक मात्रामा आइरन र जिंक हुन्छ । त्यसैले यो माछा गर्भवती महिलाहरूलाई खानको लागि सिफारिस गरिएको छ र यसलाई अन्य कार्प माछाहरूसँग मिसाएर पाल्ने पनि गरिन्छ । यी माछाहरूको संरक्षण र सम्बर्द्धन गरी पोषण सुधार कार्यमा उपयोग गर्न सकिने सम्भावना देखिएको छ ।

# फगेटा

## *(Barilius bendelisis)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Barilius* |
| प्रजाति (Species) | : *B. bendelisis* |
| स्थानीय नाम (Local name) | : फगेटा |
| संकलन गरिएको स्थान (Locality) | : खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १४ मङ्सिर,२०७६ (30 Nov. 2019) |


फगेटा नेपालको पहाडी भेगका स-साना खोलाहरूमा अत्यधिक रूपमा पाइने माछा हो । यो अति मीठो माछामा गणना गरिन्छ । कसैले यसलाई इन्डियन हिल ट्राउट पनि भन्ने गर्दछन् । यो माछा ताजा पानी, हल्का गहिरो ठाउँ र मध्यमदेखि अलि छिटो बग्ने पानीहरूमा पाइन्छ । वास्तवमा यो खाने माछाको रूपमा अति नै मन पराइने माछा हो । मानिसहरू यसलाई खोजी खोजी मार्ने गर्दछन् । त्यसैले यसको बासस्थान पनि लोप हुंदै गइरहेको पाइएको छ ।

# जेब्रा माछा

## *(Brachydanio rerio)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Cypriniformes |
| फेमिली (Family) | : | Cyprinidae |
| जेनस (Genus) | : | *Brachydanio* |
| प्रजाति (Species) | : | *B. rerio* |
| स्थानीय नाम (Local name) | : | जेब्रा माछा |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल, राइनो ताल, खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | २८ मङ्सिर, २०७६ (14 Dec. 2019) |


स्थानीय रूपमा यसलाई चिथारी पोठी भनेर चिनिन्छ । यो माछा एक्वारियमका लागि अत्यन्त उपयुक्त माछाको रूपमा लिइन्छ । साथै यो माछालाई औषधी तथा ड्रगहरूको परीक्षण गर्न अत्यधिक रूपमा प्रयोग गरिन्छ । यो सानो खालको माछा हो । यसको लम्बाई ४ से.मि. सम्मको हुन्छ र २ से.मि. को भएपछि यो बयष्क भएको मानिन्छ । यिनीहरू पनि पानीको बहाव कम हुने क्षेत्र जस्तै खोला, नहर, कुलो तथा तलाउ र पोखरीहरूमा पाइन्छन् ।

# बुदुना

## *(Garra nasuta)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Garra* |
| प्रजाति (Species) | : *G. nasuta* |
| स्थानीय नाम (Local name) | : बुदुना, खसी गारा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २६ पौष, २०७६ (11 Jan. 2020) |

बुदुना पनि नेपालको पहाडी खोला तथा साना नदीहरूमा पाइने एक प्रमुख माछा हो । यसले प्रायः बगेको पानी मन पराउँछ । यो स्वादिलो हुने भएकाले पहाडी भेगहरूमा अत्यधिक रूचाइने माछा हो ।

# रतार

## *(Naziritor chelynoides)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — EX, EW
Threatened — CR, EN, **VU**
Least Concern — NT, LC

**Vulnerable**

### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Cypriniformes |
| फेमिली (Family) | : | Cyprinidae |
| जेनस (Genus) | : | *Naziritor* |
| प्रजाति (Species) | : | *N. chelynoides* |
| स्थानीय नाम (Local name) | : | रतार |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल, राइनो, ताल तथा खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | २६ पौष, २०७६ (11 Jan. 2020) |


स्थानीय रूपमा यसलाई हलुन्डे वा रतार भनिन्छ । अथवा यसलाई सामान्य रूपमा कालो खालको सहर भनेर पनि चिनिन्छ । यो माछाले बगेको पानी मन पराउँछ र खासगरी चिसो पानी भएको खोला तथा नदीहरूमा पाइन्छ । यो माछा झण्डै ८० से.मि. सम्म लामो हुन्छ । यो माछालाई खाने माछाको रूपमा लिइन्छ र यो आलङ्कारिक माछा पनि हो । यो माछा चिसो पानी क्षेत्रको लागि अत्यन्त उपयुक्त प्रजाति हो ।

# चिप्ले फगेटा

## *(Barilius barila)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Barilius* |
| प्रजाति (Species) | : *B. barila* |
| स्थानीय नाम (Local name) | : चिप्ले फगेटा |
| संकलन गरिएको स्थान (Locality) | : खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १४ मङ्सिर, २०७६ (30 Nov. 2019) |


यसलाई स्थानीय रूपमा चिप्ले फगेटा भनेर चिनिन्छ । यो सानो खालको माछा हो र यसको लम्बाइ करिब १०-१५ से.मि. सम्मको हुन्छ । यो माछा प्रायः पहाडी भू-भागहरूमा त्यति गहिरो नभएको बग्ने नदी, खोलाहरूमा पाइने गर्दछ । यो स्वादिलो खालको माछा हो र आर्थिक हिसाबले महत्वपूर्ण मानिन्छ । साथै यो सुन्दरताको कारण औषधीय गुण र बल्छी खेल्न योग्य हिसाबले पनि महत्वपूर्ण मानिन्छ ।

# तिल्के पोठी

## *(Pethia guganio)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Pethia* |
| प्रजाति (Species) | : *P. guganio* |
| स्थानीय नाम (Local name) | : तिल्के पोठी |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल र खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : १२ पौष, २०७६ (28 Dec. 2019) |


यो सानो खालको माछा हो र यसको अत्यधिक लम्बाई ८ से.मि. जति हुन्छ । स्थानीय रूपमा यसलाई तिल्के पोठी भनेर चिनिन्छ । यो नेपालको स्थानीय माछा हो । यो पानीको बहाव कम हुने खोला तथा नदीहरू, नहर, कुलो, तलाउ, पोखरी आदी ठाउँहरूमा पाइन्छ । पौष्टिक तत्वको हिसाबले यो पोसिलो माछा पनि हो । यो माछा सुशील तथा शान्त प्रवृत्तिको र सानो पनि हुनाले एक्वारियमको लागि पनि प्रयोग गर्न सकिन्छ ।

# ठूलो पोठी

## *(Systomus sarana)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)





### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Systomus* |
| प्रजाति (Species) | : *S. sarana* |
| स्थानीय नाम (Local name) | : ठूलो पोठी, दरहा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, राइनो ताल तथा रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ४ माघ, २०७६ (18 Jan. 2020) |

यसलाई काँडे, भित्ती वा ठूलो पोठी भनेर पनि चिनिन्छ । यो सानो खालको माछा हो जसलाई ओलिभ वार्व (Olive Barb) भनेर पनि चिनिन्छ । यसको लम्बाइ बढीमा ४० से. मि. सम्मको हुन्छ । यो पनि नेपालको स्थानीय माछा हो । यो नदी, तलाउ तथा पोखरीहरूमा पाइन्छ । यो माछा एक्वारियमको लागि तथा अरू आर्थिक हिसाबमा त्यति महत्वको छैन तर अरू माछाहरू मार्न यो माछालाई बेट फिस (Bait fish) को रूपमा पनि प्रयोग गरिन्छ ।

# चेल्हवा

## *(Salmostoma phulo)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

| Extinct | | Threatened | | | Least Concern | |
|---|---|---|---|---|---|---|
| EX | EW | CR | EN | VU | NT | **LC** |

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Salmostoma* |
| प्रजाति (Species) | : *S. phulo* |
| स्थानीय नाम (Local name) | : चेल्हवा |
| संकलन गरिएको स्थान (Locality) | : खगेरी खोला |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २१ भाद्र, २०७६ (7 Sept. 2019) |

यसलाई स्थानीय रूपमा चेला अथवा फुलो चेला पनि भनिन्छ । यो सानो खालको माछा हो र यसको लम्बाइ १२ से.मि. सम्मको हुन्छ । यो तलाउ, पोखरी नहर तथा कुलोहरूमा पाइन्छ । यो माछा आर्थिक हिसाबले त्यति महत्वपूर्ण होइन तर यो अत्यधिक खाइने माछाको रूपमा लिइन्छ ।

# नैनी

## *(Cirrhinus mrigala)*



### आयुसिएन संरक्षण रेड लिस्ट

(IUCN Conservation Status)

| Extinct | | Threatened | | | Least Concern | |
|---|---|---|---|---|---|---|
| EX | EW | CR | EN | VU | NT | **LC** |

**Least Concern (LC)**

### वर्गीकरण


(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Cyprinidae |
| जेनस (Genus) | : *Cirrhinus* |
| प्रजाति (Species) | : *C. mrigala* |
| स्थानीय नाम (Local name) | : नैनी |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ७ भाद्र, २०७६ (24 Aug. 2019) |

यसलाई नैनी तथा मृगाल भनेर पनि चिनिन्छ । यो ९० से.मि. सम्म लामो हुन्छ र ३० किलोग्राम सम्मको तौल हुन्छ । त्यसैले यो एशियाभर नै आर्थिक हिसाबले पोखरीहरूमा व्यावसायिक रूपमा अन्य कार्प माछाहरू जस्तै कमन कार्प, सिल्भर कार्प, बिगहेडकार्प, रोहु, नैनी आदि संग मिसाएर पोलिकल्चरको रूपमा पाल्ने गरिन्छ । यो माछा टाइगर ताल तथा रामपुर घोलमा पाइएको थियो ।

# बाघे

## *(Paracanthocobitis botia)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

| Extinct | | Threatened | | | Least Concern | |
|---|---|---|---|---|---|---|
| EX | EW | CR | EN | VU | NT | **LC** |

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Cypriniformes |
| फेमिली (Family) | : Nemacheilidae |
| जेनस (Genus) | : *Paracanthocobitis* |
| प्रजाति (Species) | : *P. botia* |
| स्थानीय नाम (Local name) | : बाघे |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, खगेरी खोला तथा रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २५ श्रावण, २०७६ (10 Aug. 2019) |


यसलाई बाघे अथवा पाटे गडेला पनि भन्दछन् । यो ताजा पानीको क्षेत्र चट्टानी, ढुङ्ग्यान भएको ठाउँ, बलौटे तथा हिलो माटो भएको ठाउँमा बस्ने गर्दछ । यो सानो खालको माछा हो । यसको लम्बाइ करिब ८ से. मि. हुन्छ । यो माछा व्यावसायिक हिसाबले कम महत्वको छ तर यसको पाटे कलरको कारण यसलाई एक्वारियममा पाल्नको लागि उपयुक्त मानिएको छ । मछुवारहरूले बल्छीमा गड्यौला प्रयोग गरि यो माछा मार्ने गर्दछन् ।

# बुल्ला

## *(Glossogobius giuris)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Gobiiformes |
| फेमिली (Family) | : | Gobiidae |
| जेनस (Genus) | : | *Glossogobius* |
| प्रजाति (Species) | : | *G. giuris* |
| स्थानीय नाम (Local name) | : | बुल्ला |
| संकलन गरिएको स्थान (Locality) | : | खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ४ असोज, २०७६ (21 Sept. 2019) |

यसलाई बुल्ला वा भुल्भुले पनि भनिन्छ । यो माछा अलि फरक प्रकारको देखिन्छ । यसमा आफैले आफ्नो सन्तान खाने प्रवृत्ति (Cannibalism) देखिएको छ । यो माछामा भएको रङ्ग र फिनको विशिष्ट बनावटको कारण यसलाई एक्वारियम व्यवसायको लागि पनि उपयोग गर्ने गरिन्छ ।

# सिसा माछा

## *(Chanda nama)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

| Extinct | | Threatened | | | Least Concern | |
|---|---|---|---|---|---|---|
| EX | EW | CR | EN | VU | NT | **LC** |

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| **क्लास** (Class) | : Teleostomi |
| **अर्डर** (Order) | : Gobiiformes |
| **फेमिली** (Family) | : Ambassidae |
| **जेनस** (Genus) | : *Chanda* |
| **प्रजाति** (Species) | : *C. nama* |
| **स्थानीय नाम** (Local name) | : **सिसा माछा** |
| **संकलन गरिएको स्थान** (Locality) | : **टाइगर ताल, खगेरी खोला र रामपुर घोल** |
| **संकलन गर्ने** (Collected by) | : **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : **२१ भाद्र, २०७६** (7 Sept. 2019) |

यसलाई चनरबिजुवा वा सिसा माछा भनेर चिनिन्छ । यो माछा ताजा पानीमा अलि बढी झाडी भएको ठाउँमा बस्न रूचाउँछ । शरीर अलि पातलो प्रकारको र पहेंलो सिल्भरी रङ्गको हुन्छ । शरीर भित्र रहेको एयर ब्लाडर (Air Bladder) अलि बढी उज्यालोमा सजिलैसँग देख्न सकिन्छ । त्यसैले पनि यसलाई सिसा माछा भनिएको हुनुपर्छ । यो पनि सानो खालको माछा हो । यसको लम्वाइ करिव ११ से.मि. हुन्छ । यो पारदर्शी सिसा जस्तो हुनाले यो राम्रो देखिन्छ र एक्वारियमको लागि उपयुक्त माछाको रूपमा लिइन्छ । यो माछा पोखरीहरू तथा पानी बग्ने खोलाहरू, नहर, कुलो, धान खेत आदि सबै ठाउँहरूमा पाइन्छ । यो माछा वर्षायाममा धेरै पाइन्छ । यो माछा अलि लजाइलो खालको र २४ सै घण्टा सक्रिय भएर एक साथ हुलमा हिड्ने भएकाले मछुवारहरूको जालमा एक पटकमा धेरै पर्ने गर्दछ । यो माछालाई लामखुट्टे नियन्त्रणको लागि पनि प्रयोगमा ल्याइन्छ ।

# टेंग्रा

## *(Mystus tengara)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — EX

Threatened — EW, CR, EN, VU

Least Concern — NT, **LC**

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Siluriformes |
| फेमिली (Family) | : Bagridae |
| जेनस (Genus) | : *Mystus* |
| प्रजाति (Species) | : *M. tengara* |
| स्थानीय नाम (Local name) | : टेंग्रा |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल, खगेरी खोला तथा रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : ४ माघ, २०७६ (18 Jan. 2020) |

यसलाई टेंग्रा भनेर चिनिन्छ । यो माछा पनि तलाउ, पोखरीहरूको साथै बगेको पानीको क्षेत्रमा पनि पाइन्छ । यो अलि बढी झाडीहरू भएको पानी र भुईंमा हिलो माटो भएको ठाउँहरूमा बस्न रूचाउँछ । यसको लम्बाइ १८ से. मि. सम्म लामो भएको रेकर्ड गरिएको छ । यो मांसाहारी माछा हो । यो पनि पोसिलो र स्वादिलो माछाको रूपमा गणना गरिन्छ । यसमा क्याल्सियम धेरै पाइन्छ ।

# माङ्गुर

## *(Clarias magur)*



### आयुसिएन संरक्षण रेड लिस्ट
### (IUCN Conservation Status)

Extinct | Threatened | Least Concern

EX EW CR EN VU NT **LC**

**Least Concern (LC)**

### वर्गीकरण
### (Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Siluriformes |
| फेमिली (Family) | : Clariidae |
| जेनस (Genus) | : *Clarias* |
| प्रजाति (Species) | : *C. magur* |
| स्थानीय नाम (Local name) | : माङ्गुर |
| संकलन गरिएको स्थान (Locality) | : टाइगर ताल र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २५ श्रावण, २०७६ (10 Aug. 2019) |

स्थानीय रूपमा यो माछालाई माङ्गुर वा जुँगे माछा भनेर चिन्ने गर्दछन् । यो ताजा पानीको क्षेत्र, घोल तथा सिमसार क्षेत्रहरू, धान खेत आदी ठाउँहरूमा पाइन्छ । यो माछा करिब १०० से. मि. सम्म लामो हुन्छ । यो माछामा अतिरिक्त श्वास प्रश्वास प्रणाली (Accessory Respiratory System) हुन्छ । जसले गर्दा यो पानी बिना पनि जमिनमा केही समय त्यत्तिकै जीवित रहन सक्छ । यिनीहरू वम्नीभोरस हुन् तर यिनीहरूलाई मांसाहारी माछा भने पनि हुन्छ । किनकि यिनीहरू मासु खान अत्यन्तै ललायित हुन्छन् । यिनीहरू जस्तोसुकै विकट परिस्थितिहरूमा पनि बाँच्न सक्ने, हरेक चिजहरू खान सक्ने तथा अन्य माछाहरूलाई पनि खाइदिने भएकाले यसलाई विनाशी जाति (Invasive Species) को रूपमा दर्ता गरिएको छ । त्यसैले धेरै देशमा यो माछा सरकारी अनुमति नलिई पाल्न पाईदैन । नेपालमा पनि यो माछा पाल्ने अनुमति त छैन तैपनि किसानस्तरमा यसलाई व्यावसायिक रूपमा पाल्न थालिएको छ । यसका भुराहरू अनधिकृत रूपमा बङ्गलादेश तथा भारतबाट आयात हुने गर्दछ ।

# सिंघी

## *(Heteropneustes fossilis)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — Threatened — Least Concern

EX EW CR EN VU NT LC

Least Concern (LC)

### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| **क्लास** (Class) | : | Teleostomi |
| **अर्डर** (Order) | : | Siluriformes |
| **फेमिली** (Family) | : | Heteropneustidae |
| **जेनस** (Genus) | : | *Heteropneustes* |
| **प्रजाति** (Species) | : | *H. fossilis* |
| **स्थानीय नाम** (Local name) | : | **सिंघी** |
| **संकलन गरिएको स्थान** (Locality) | : | **टाइगर ताल र रामपुर घोल** |
| **संकलन गर्ने** (Collected by) | : | **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : | **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : | **४ माघ, २०७६** (18 Jan. 2020) |

यसलाई सिंघी वा काँडे माछा भनिन्छ । यो टोक्ने खालको क्याटफिस हो । यसले नराम्रोसँग आफ्नो पेक्टोरल फिनमा भएको काँडाले हान्न सक्छ र मानिस तथा अरू जनावरहरूलाई घाइते बनाइदिन सक्छ । यिनीहरू पनि घोल, पोखरीहरू, नहर, कुलो तथा सिमसार क्षेत्रहरूमा पाइन्छ । यो माछा ३० से.मि. सम्म लामो हुन्छ । यो माछा खानको लागि प्रयोग गरिन्छ । साथै यसमा औषधीय गुणहरू पनि विद्यमान हुन्छ । यो पोषिलो पनि हुन्छ र गर्भवती महिला, बच्चा तथा बच्चाको आमाहरूलाई खानको लागि सिफारिस गरिएको छ । यसको मासुले शरिरमा रगत बढाउन मद्दत गर्दछ । साथै यो अत्यन्त प्रबल रूपमा शक्ति दिने खालको हुनाले मलेरियाबाट ग्रस्त भई भर्खर ठीक भएका बिमारीहरूलाई शक्ति बढाउन खुवाउने गरिन्छ । यो जातिका अन्य केही प्रजातिहरूलाई एक्वारियमको व्यापारमा प्रयोग गर्ने गरिन्छ ।

# पप्ता

## *(Ompok pabda)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct | Threatened | Least Concern

EX EW CR EN VU **NT** LC

**Near Threatened (NT)**


### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| **क्लास** (Class) | : | Teleostomi |
| **अर्डर** (Order) | : | Siluriformes |
| **फेमिली** (Family) | : | Siluridae |
| **जेनस** (Genus) | : | *Ompok* |
| **प्रजाति** (Species) | : | *O. pabda* |
| **स्थानीय नाम** (Local name) | : | **पप्ता** |
| **संकलन गरिएको स्थान** (Locality) | : | **टाइगर ताल र रामपुर घोल** |
| **संकलन गर्ने** (Collected by) | : | **एमडिआई नेपाल** |
| **पहिचान गर्ने** (Identified by) | : | **राहुल रन्जन** |
| **संकलन मिति** (Date) | : | **४ माघ, २०७६** (18 Jan. 2020) |


स्थानीय रूपमा यसलाई पप्ता भनिन्छ । यो पनि क्याटफिस नै हो । त्यसैले यो पनि यस्तै घोल तथा सिमसार क्षेत्रहरू, तलाउ, पोखरी तथा नहरहरूमा पाइन्छ । यो माछा मानिसहरूको लागि अति मन पर्ने माछाको रूपमा लिइन्छ र बजारमा उच्च मूल्यमा बिक्री हुने गर्दछ । किनकि यो स्वादिलो खालको र पौष्टिकताले भरपुर हुन्छ । यो माछा एक्वारियमको बजारमा पनि उपयोग गरिन्छ । यो माछा टाइगर ताल र रामपुर घोलमा पाइएको थियो ।

# बुआरी

## (*Wallago attu*)



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Siluriformes |
| फेमिली (Family) | : | Siluridae |
| जेनस (Genus) | : | *Wallago* |
| प्रजाति (Species) | : | *W. attu* |
| स्थानीय नाम (Local name) | : | बुआरी/बडारी |
| संकलन गरिएको स्थान (Locality) | : | रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ७ असार, २०७६ (22 June 2019) |

यसलाई बुआरी माछा वा कुनै ठाउंमा बडारी पनि भनिन्छ । यिनीहरू पनि क्याटफिस नै हुन् । यिनीहरू नदी, तलाउ, घोल तथा विभिन्न सिमसार क्षेत्रहरू तथा माछा पालन गरिने पोखरीहरूमा पनि भेटिन्छन् । यो अति धेरै र जे पनि खान सक्ने माछा (Voracious) हो । यो माछा ३ मिटरसम्म लामो भएको पाइएको छ र ५ बर्षमा ११ किलोग्राम सम्मको तौल रेकर्ड गरिएको छ । यो पनि स्वाद र पोष्टिकताको कारण बजारमा अत्यन्त माग बढी भएको माछा हो । यसको बजार मूल्य पनि उच्च छ ।

# गैंची

## (*Macrognathus aral*)



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

| Extinct | | Threatened | | | Least Concern | |
|---|---|---|---|---|---|---|
| EX | EW | CR | EN | VU | NT | LC |

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Synbranchiformes |
| फेमिली (Family) | : | Mastacembelidae |
| जेनस (Genus) | : | *Macrognathus* |
| प्रजाति (Species) | : | *M. aral* |
| स्थानीय नाम (Local name) | : | गैंची/धारे बाम |
| संकलन गरिएको स्थान (Locality) | : | टाइगर ताल र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ७ असार, २०७६ (22 June 2019) |

स्थानीय रूपमा यसलाई गैंची अथवा धारे बाम भनेर चिनिन्छ । यो नदी, तलाउ, घोल तथा पोखरीहरूमा अलि झाडी भएको ठाउँमा पाइन्छ । यसलाई स्टोन इल (Stone Eel) पनि भनिन्छ । यो माछाको राती खाने बानी हुन्छ । यसको मुख्य आहारा भनेको किराहरू हुन् । यो माछा खानको लागि मिठो र पोसिलो भएकाले यसको व्यावसायिक महत्व छ र सुन्दर पनि भएकोले यसको आलङ्कारिक महत्व पनि छ ।

# काठ गैंची

## *(Macrognathus pancalus)*



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)

Extinct — EX
Threatened — EW, CR, EN, VU
Least Concern — NT, **LC**

**Least Concern (LC)**

### वर्गीकरण
(Classification)

| | |
|---|---|
| क्लास (Class) | : Teleostomi |
| अर्डर (Order) | : Synbranchiformes |
| फेमिली (Family) | : Mastacembelidae |
| जेनस (Genus) | : *Macrognathus* |
| प्रजाति (Species) | : *M. pancalus* |
| स्थानीय नाम (Local name) | : काठ गैंची |
| संकलन गरिएको स्थान (Locality) | : खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : राहुल रन्जन |
| संकलन मिति (Date) | : २१ भाद्र, २०७६ (7 Sept. 2019) |


यो पनि बाम प्रजातिकै माछा हो । यो माछा १८ से.मि. सम्मको लामो हुन्छ । यसले किराहरू तथा क्रस्टेसियन्सहरू खाने गर्छन् । यो पनि धेरैको लागि मन पर्ने खाने माछाको रूपमा उपयोग गरिन्छ । यसलाई पनि एक्वारियममा पाल्नको लागि प्रयोग गरिन्छ ।

# अन्धो बाम

## (*Monopterus cuchia*)



### आयुसिएन संरक्षण रेड लिस्ट
(IUCN Conservation Status)




### वर्गीकरण
(Classification)

| | | |
|---|---|---|
| क्लास (Class) | : | Teleostomi |
| अर्डर (Order) | : | Synbranchiformes |
| फेमिली (Family) | : | Synbranchidae |
| जेनस (Genus) | : | *Monopterus* |
| प्रजाति (Species) | : | *M. cuchia* |
| स्थानीय नाम (Local name) | : | अन्धो बाम/अन्हई |
| संकलन गरिएको स्थान (Locality) | : | खगेरी खोला र रामपुर घोल |
| संकलन गर्ने (Collected by) | : | एमडिआई नेपाल |
| पहिचान गर्ने (Identified by) | : | राहुल रन्जन |
| संकलन मिति (Date) | : | ४ माघ, २०७६ (18 Jan. 2020) |

यो निकै प्रख्यात माछा हो । यो माछा घोल तथा यस्तै सिमसार क्षेत्रहरूमा माटो भित्र प्वाल बनाएर बस्ने गर्दछ । यो झण्डै सर्प जस्तै हुन्छ र शरीर लामो तथा गोलाकार हुन्छ । यसलाई सर्प जस्तै उभयचर माछा (Serpentine amphibious fish) पनि भनिन्छ । यो माछा ८२ से. मि. सम्म लामो भएको पाइएको छ । यो मांसाहारी माछा हो र यसले राती खाने गर्दछ । यसको मुख्य खानाहरू भनेको साना माछाहरू, शंखे किराहरू (Mollusks) तथा किराहरू हुन् । यो माछा हिउँदको समयमा सुषुप्त अवस्था (Hibernation) मा बस्ने गर्दछ । यो माछा सबै मानिसहरूले अत्यधिक रूचाउँदछन् । यसको बजार मूल्य पनि सँधै उच्च हुन्छ । यो खान पनि मीठो र पोषणले पनि भरपुर हुन्छ भन्ने विश्वास गरिन्छ । यसलाई शक्तिबर्धक माछाको रूपमा लिइन्छ र यसको सेवनले शरीरमा रगतको मात्रा पनि बढाउँछ भन्ने मान्यता छ ।

Empowered lives
Resilient nations.

The GEF Small Grants Programme

एमडिआई नेपाल
MDI Nepal
www.mdinepal.org

**आर्थिक सहयोगः** **युएनडिपी विश्व वातावरण कोष**
**साना अनुदान कार्यक्रम**
काठमाडौं ।

**सम्पर्कको लागिः** **एमडिआई नेपाल**
नयाँ मनकामना रोड, हेटौंडा उप-महानगरपालिका-२,
वागमति प्रदेश, मकवानपुर, नेपाल ।
**सम्पर्क नं** : ९७७ ५७ ५२११३३
**इमेलः** mdi@mdinepal.org
**वेवसाईटः** www.mdinepal.org